फोन नं. ०७१-५४०१३८
E-mail: shipbutwal@gmail.com
Website: www.vstbutwal.gov.np

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

# व्यावसायिक तथा सीप विकास तालिम प्रतिष्ठान,

बुटवल, रुपन्देही

## निःशुल्क सीपमूलक तालिम संचालनको लागि पुनः आवेदन सम्बन्धी सूचना

सूचना नं. ०४/०७९/८०

दोस्रो पटक प्रकाशित मिति २०७९/०६/२४

यस प्रतिष्ठानबाट देहाय अनुसारका सीप मूलक तालिमहरु निःशुल्क संचालन गर्नुपर्ने भएकोले तालिम लिन इच्छुक नेपाली नागरिकले मिति २०७९।०६।३० गते आईतवार सम्ममा तोकिएको ढाँचामा आवेदन फाराम भरी पेश गर्नुहुन यो सूचना पुनः प्रकाशित गरिएको छ। म्याद नाघि आएको र रीत नपुगेको आवेदन उपर कुनै कारवाही गरिने छैन।

तपसिल

| क्र सं | तालिमको विषय | तालिमको अवधि | न्यूनतम शैक्षिक योग्यता | तालिम संचालन हुने स्थान | अन्तरवार्ता मिति | आवेदन फाराम पाइने र पेश गर्ने स्थान |
|---|---|---|---|---|---|---|
| १ | कटाई सिलाई (आधारभूत तह) | ३९० घण्टा | ८ कक्षा उर्त्तिण | व्यावसायिक तथा सीप विकास तालिम प्रतिष्ठान, बुटवल, रुपन्देही | २०७९/०७/०३ | व्यावसायिक तथा सीप विकास तालिम प्रतिष्ठान, बुटवलको वेवसाइट www.vstbutwal.gov.np बाट डाउनलोड गर्न सकिनेछ। |
| २ | कटाई सिलाई (एडभान्स) | २२५ घण्टा | कटाई सिलाई आधारभूत तहको तालिम प्राप्त | व्यावसायिक तथा सीप विकास तालिम प्रतिष्ठान, बुटवल, रुपन्देही | २०७९/०७/०६ | |

**तालिम लिन इच्छुक व्यक्तिहरुले पालना गर्नुपर्ने सर्तहरुः**

१. प्रशिक्षार्थिहरुले निवेदन फाराम साथ नेपाली नागरिक्ता र शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि र १ प्रति फोटो संलग्न राखी मिति २०७९/०६/३० गते भित्र र सो दिन विदा परेमा सोको भोलि पल्ट यस प्रतिष्ठानमा कार्यालय समय भित्र पेश गर्नुपर्ने छ। प्रशिक्षार्थी छनौट समितिले गरेको निर्णयानुसार प्रशिक्षार्थी छनौटको सूचना कार्यालयको सूचनापाँटी र वेभसाइट www.vstbutwal.gov.np मा प्रकाशन गरिने छ। साथै तालिम संचालन हुने समय र मिति सोही सूचनामा उल्लेख भए बमोजिम हुनेछ।
२. छनौट भईसकेपछि तालिम शुरु भएको ३ दिनभित्र भर्ना नहुनेहरुको स्थानमा वैकल्पीक उम्मेदवारलाई सहभागि गराईने छ।
३. तालिम लिन इच्छुक उम्मेदवार उमेर १८ पुरा भई ४५ बर्ष ननाघेको हुनु पर्नेछ।
४. प्रशिक्षार्थीको छनौट अन्तरवार्ताबाट गरिने छ। एक समूहमा २० जना प्रशिक्षार्थीहरुलाई सहभागी गराईने छ।
५. बस्ने र खाने व्यवस्था सहभागी आफैले गर्नुपर्ने छ र खाजाको व्यवस्था कार्यालयवाट हुनेछ।
६. तालिममा छनौट भई मनासिब कारण बेगर तालिम छोडेमा निजको अभिलेख राखि भविष्यमा यस प्रतिष्ठानबाट संचालन हुने कुनै तालिममा सहभागी गराईने छैन।
७. यस अघि कार्यालयमा दर्ता भएका आवेदन फाराम यसै अनुरुप दर्ता भएको मानिनेछ।

सुमन पन्थ
शाखा अधिकृत

फोन नं. ०७१-५४०१३८ E-mail: shipbutwal@gmail.com website: www.vstbutwal.gov.np